# तोचिगी नगरबाट सूचना
# [महत्वपूर्ण] तोकिएको फोहोर राख्ने झोलाहरूको लागि वैकल्पिक उपायहरूको बारेमा

नगरवासीहरु सबैजनामा पर्नजाने असुविधाको लागि क्षमाप्रार्थी छौं तर, तोकिएका फोहोरका झोलाहरू आवश्यकता भन्दा बढी खरिद नगर्न हुन अनुरोध गर्नुका साथै, हालको लागि, कृपया निम्न विधिहरू प्रयोग गरेर फोहोरहरु फाल्नुहुन अनुरोध गरिन्छ ।

कृपया ध्यान दिनुहोस् कि यो उपाय अस्थायी हो र स्थिर आपूर्ति सुनिश्चित नभएसम्म मात्र लागू हुनेछ। फोहोरको उचित व्यवस्थापनमा तपाईंको समझदारी र सहयोगको हामी कदर गर्छौं।

## ≪तोकिएको फोहोरको झोला किन्न नसकेको खण्डमा के गर्ने≫

यदि तोकिएको फोहोर राख्नेझोला किन्न नसकेको खण्डमा, पारदर्शी वा भित्रका वस्तुहरु बाहिरबाट देख्न सकिने अर्ध-पारदर्शी झोलाहरू प्रयोग गरेर आफ्नो घरको फोहोरहरु फ्याँक्नुहोस्।

**【झोलाको रङ】** **पारदर्शी** वा बाहिरबाट **झोलाभित्रका वस्तुहरु देख्न सकिने अर्ध-पारदर्शी झोलाहरू** **(रंगीन झोलाहरू प्रयोग गर्न निषेध छ)**

※प्लास्टिकका (पेट) बोतलहरू, खानाका ट्रेहरू, र खाली क्यान/खाली बोतलहरूको लागि तोकिएका झोलाहरूलाई, यस अवधिमा, जलाउने फोहोर हाल्नको लागि प्रयोग गर्न सकिनेछ।

**【झोलाको आकार】**

**○जलाउने फोहोर, प्लास्टिकका (पेट) बोतलहरू, खानाका ट्रेहरूचाँही ४५ लिटर सम्म**

**○खाली क्यान/खाली बोतलहरू चाँही ३० लिटर सम्म**

**【विवरणहरु】** कृपया झोलामा निम्न ①②③ का विवरणहरु स्पष्ट रूपमा लेख्नुहोस्।

**（१） छिमेकी संघ अथवा टोलको नाम （२） नाम थर**

**（३） फोहोरको प्रकार** (जलाउने फोहोर,पेट बोतल/खानाको ट्रे, खाली क्यान/खाली बोतल)

**【अवधि】** सन् २०२६ साल अप्रिल महिनाको २८ तारीख (मंगलबार) देखि तोकिएको फोहोर राख्ने झोलाको आपूर्ति स्थिर हुनेबेला सम्म

**पारदर्शी अथवा बाहिरबाट झोलाको भित्रका वस्तुहरु देख्नसकिने अर्ध-पारदर्शी झोलाहरु**

**⇒संकलन गरिन्छ**




**झोला भित्रका वस्तुहरु नदेखिने झोलाहरु**

**⇒संकलन गरिनेछैन**



**(संकलन गरिनेछैन)**

**तोचिगी-शि सेइकाचु कांक्योउ-बु कुरी-न् सुइसिन्-का फोन: ०२८२-३१-२४४७**